# ११ परमेश्वरप्रति आस्था तथा विश्वास राखेर जिउनु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* हितोपदेश २८:४, ७, ९, रोमी १:१६,१७, गलाती ३:२४, हितोपदेश २८:५, १ यूहन्ना २:१५-१७, हितोपदेश २९:१३।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"यदि तिमी मानिसहरूदेखि त्रसित हुन्छौं भने त्यसले तिमीलाई धरापमा पार्नेछ। तर तिमीले परमेश्वरमाथि भरोसा राखेर चल्यौ भने उहाँले तिमीलाई सुरक्षित राख्नुहुनेछ।"** (हितोपदेश २९:२५)।

**हामीहरूको समाज, देश, वा पूरा संसारमा धेरै धेरै मानविय आवाजहरू छन् जसले हामीहरूलाई खिचातानी गरिरहेका छन्।** के ठीक छ, के बेठीक छ, कसको कुरा सुन्ने कसको कुरा नसुन्ने, दायाँ वा बायाँ लाग्ने कसरी थाहा पाउने? सबै मानिस ती प्रश्नहरूको भूमरीमा परिरहेको हामी पाउँछौं। त्यसमा हामी पनि अलगिएको छैनौं। तर हामी भाग्यमानी ठान्नुपर्छ किनकि ती प्रश्नहरूको जवाफ परमेश्वर र पवित्र बाइबलमा भएको हामी पाउँछौं। परमेश्वरमाथि भरोसा राख्न र उहाँको नीति वा दश आज्ञामा चल्न हामीले सिक्नैपर्छ। अनि बाँकि सबै आफै संचालन हुन्छ भने पनि हुन्छ।

"परमेश्वरको राज्य पहिले खोजि गर र उहाँको धार्मिकता (वा उहाँको नीतिमा चल्ने चाहना)" भनेर हामीलाई येशूले भन्नुहुँदा परमेश्वरमा भरपर्न र उहाँको वचन अनुसार चल्न हामीलाई सिकाउनुभएको हो। अनि हामीलाई चाहिने थोक सबै उहाँले जुटाउनुहुन्छ रे! (मत्ती ६:३३ रूपान्तरित)। हाम्रो जीवनको पहिलो कर्तव्य नै परमेश्वरमा भर पर्नु र उहाँको मातहतमा रहेर उहाँलाई पछ्याउनु हो। यदि यस कुरालाई आत्मसात् गर्न सकेनौं भने अरूलाई नै हामी प्राथमिकता दिएर चल्ने सम्भावना हुन्छ। त्यसमा आफैले देवताको मूर्ती बनाएर भगवान भनेर पूजा गर्ने चलन पनि पर्न सक्छ। तर जे भएतापनि विश्वास र आस्थाको जीवनले नै हामीले परमेश्वरमा

भर पर्न सक्छौं। जब कोही इसाईले आफू येशूभक्त हुँ भनेर दावी गर्छ भने उसको हिँडाइ चाला येशूको जीवनलाई प्रतिविम्ब गर्ने खालको हुनुपर्छ। परमेश्वरले निर्देशन वा चुन्नुभएको अनुसार चल्न हामीले निर्णय गर्नुपर्छ। अनि बाँकि काम उहाँमा छोड्न जान्नुपर्छ।

## १. परमेश्वरको नीति वा दश आज्ञा अनुसार चल्नु (हितोपदेश २८:४,७,९)

हितोपदेशको पुस्तकमा तोराह वा व्यवस्था वा शिक्षा भन्ने शब्द १३ पल्ट उल्लेख गरिएकोमा हितोपदेश २८मा चारपल्ट उल्लेख गरिएका छन् (४,७,९)। हितोपदेशमा तोराह भनेर उल्लेख गर्नुको मतलब बुद्धिमानी मानिसको शिक्षा हो (हितोपदेश १३:१४)। तर हिब्रू सोचबिचारमा त्यस शब्दको अर्थ अध्यात्मिक हो र त्यसले परमेश्वरको अगुवाइलाई औंाल्याउँछ। त्यसैलाई मध्यनजर राखेर हितोपदेशको पुस्तकले पनि तोराह भन्ने शब्द प्रयोग गरिएको पाउँछौं (हितोपदेश २९:१८)।

**परमेश्वरमा निष्ठावान र आस्थावान भएर चल्न उहाँको नीति वा व्यवस्थाको गरिमामयलाई हामीहरूको जीवनले कस्तो स्थान दिनुपर्छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्, हेर्नुहोस्: हितोपदेश २८:४,७ र ९: "४ व्यवस्था त्याग्नेहरूले दुष्टहरूको प्रशंसा गर्छन्, तर व्यवस्था पालन गर्नेहरूले तिनीहरूको विरोध गर्छन्।...७ व्यवस्था पालन गर्नेचाहिँ विवेकी छोरो हो, तर खन्चुवाको सङ्गत गर्नेले आफ्ना बाबुमाथि बेइज्जत ल्याउँछ।...९ यदि कसैले व्यवस्थाप्रति आफ्नो कान बन्द गर्छ भने, त्यसका प्रार्थनाहरूसमेत घृणित हुन्छन्।"**

यस संसारमा रहेका अरू जातिहरू भन्दा इस्राएली जाति किन भिन्न छन् भन्दा तिनीहरूको फरक सोच र धर्मको कारणले पनि होइन। तर तिनीहरूमा भएको परमेश्वरको व्यवस्थाले हो। खानेकुरामा, विश्राममा, प्राकृतिक वातावरणमा, छिमेकी र परिवारहरूसँगको सम्बन्धमा र आफ्नै व्यक्तिगत जीवनशैलीको दैनिक निर्णयमा परमेश्वरको नीति वा व्यवस्थाले असर पारेको हुँदा तिनीहरू अरूभन्दा अलग जाति बन्न पुगेका हुन्। ती कुराले नै तिनीहरू पवित्र

जाति तथा अरूबाट छुट्टै राष्ट्र बन्न पुगेका हुन। तिनीहरूको जीवनको निर्णायिक केन्द्रविन्दु परमेश्वरको व्यवस्था र त्यसमा पाइने नीतिहरू भएका थिए।

हामी मानिसहरू आफै बुद्धिमानी छु भनेर हुँकार गर्न सक्दैनौं। हामी यस्तरी खस्किएका छौं कि असल र खराबलाई पनि छुट्याउन सक्दैनौं (१ राजा ३:९)। त्यसकारण हामीलाई परमेश्वरको व्यवस्था वा नीतिको आवश्यक छ यदि हामी बुद्धिमानी हुन चाहन्छौं भने। अर्को अर्थमा भन्ने हो भने हामीहरूको धर्मकर्म वा अध्यात्मिक ज्ञान र हासिल गरेका बौद्धिक ज्ञान वा अध्ययनले हामीलाई बुद्धिमानी बनाउँछ भन्ने छैन। तर हामीभन्दा बाहिरको व्यवस्था, संस्कार, व्यक्तिगत मनोविज्ञान वा मनस्थिति र हामीहरूमा घुस्ने चाहनाहरूले हामी बुद्धिमानी वा मूर्ख बनाउँछन्।

परमेश्वरको व्यवस्था वा नीति सदासर्वदा वा अमर छ। त्यस व्यवस्था अनुसार चल्न आस्था र विश्वासको अति आवश्यक हुन्छ। "सुसमाचारप्रति मलाई शर्म छैन। यो परमेश्वरको शक्ति वा बल हो। यसलाई विश्वास गर्ने प्रत्येकले मुक्ति पाउँछ। यो सुसमाचार पहिलो यहूदीहरूको निम्ति थियो। तर अन्यजाति वा गैर-यहूदीहरूको निम्ति पनि यो सुसमाचार ग्रहण गर्ने अवसर दिइएको छ। परमेश्वरसँग मानिस कसरी ठीक भएर चल्छ भनेर खबर गर्ने नै सुसमाचारको उद्देष्य हो। सुरूदेखि अन्तसम्म परमेश्वरसँग उचित सम्बन्ध राखेर चल्न व्यक्तिगत आस्था वा विश्वासमा भर पर्छ। यसरी लेखिएको छ "जो परमेश्वरसँग ठीक भएर चल्छ त्यो मानिस विश्वासबाट जिउँछ।" (रोमी १:१६,१७ रूपान्तरित)।

**परमेश्वरको वचन वा दश आज्ञालाई शिरोपर गरेर चल्दा तपाईंको जीवनमा कतिपटक विभिन्न समस्याहरूबाट उम्कन सफल हुनुभएको छ? यदि तपाईं परमेश्वरको नीति अनुसार नचलेको भए तपाईंको जीवन कस्तो हुनेथियो होला?**

## २. परमेश्वरको खोजी वा चाहना गर (गलाती ३:२४)

परमेश्वरको व्यवस्था वा नीति विश्वासीको जीवनमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। तर त्यो व्यवस्था (तोराह) वा नीति आफै जीवनको स्रस्ता वा लेखक होइन। तर व्यवस्था वा दश आज्ञाले हामीलाई पाप के हो भनेर औँल्याउँछ र पापले मृत्युतिर धकेल्छ भनि सिकाउछ।(रोमी ७:७-१३)। दश आज्ञाको उपादेयिता किन मनासिव वा असल छ भने त्यो व्यवस्था वा नीति मानविय बुद्धि वा आत्मज्ञानको उपज नभएर परमेश्वर आफैबाट आएको हो। यदि परमेश्वरबाट अलगिएर वा परमेश्वरप्रति अगाढ भक्ति र माया नगरि औपचारिक रूपमा दश आज्ञाका नीतिहरू पालन गर्न थालियो भने त्यो मानिस विधिवादी, जडसूत्रवाद वा परम्परावादीमा गनिन पुग्छ। त्यस्तो मानिस दश आज्ञाप्रति परमेश्वरको प्रारम्भिक आशा तथा योजनासँग सरोकार नभएको ठहर्छ। परमेश्वरको व्यवस्थालाई शिरोपर गरेर चल्ने मानिस जीवनदाता परमेश्वरसँग जोडिएको जीवन बिताइरहेको हुन्छ। व्यवस्था वा दश आज्ञा आफै परमेश्वरको ठाउँ लिन्दैन तर यो गुरू हो जसले शिक्षार्थी वा उपासकहरूलाई परमेश्वरतिर दोऱ्याउँछ।

**दश आज्ञा वा परमेश्वरको नीतिले हामीलाई येशूतिर कसरी डोऱ्याउँछ जसले गर्दा हामी उहाँसँग सुमधुर सम्बन्ध राख्दै हामीहरूको जीवनलाई अघि बढाउन सक्छौं? हेर्नुहोस् गलाती ३:२४ "विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो।"**

हितोपदेशको पुस्तक केवल अर्ती, ज्ञानगुनको मात्र पुस्तक होइन (संसारमा धेरै अर्ती वा ज्ञानगुनका पुस्तहरू छन्)। यस पुस्तकको प्राथमिकता भनेकै परमेश्वरको बारेमा जानकारी गराउनु हो र त्यस परमेश्वरले हामीलाई ज्ञानबुद्धि हाम्रो सामु प्रस्तुत गर्नुभएको होस। जब परमेश्वरको व्यवस्थाको पालन गर्छौं तब त्यसले हामीलाई आत्मज्ञान वा वुद्धि पाउन सहयोग गर्छ जसले गर्दा हामी परमेश्वरको नजिक रहन सकौं। येशूबाट विश्वाद्वारा बिना मोल पाइने मुक्तितिर पनि यसले दोऱ्याउँछ।

**सबै थोक वा ज्ञानको ताल्चा खोल्ने साँचो वा चाबी के हो त? हेर्नुहोस्ः हितोपदेश २८:५ "दुष्ट मानिसहरू न्यायलाई बुझ्दैनन्, तर परमप्रभुलाई खोज्नेहरूले यसलाई पूर्ण रूपले बुझ्दछन्।"**

बुझ्ने भन्ने शब्द उपरोक्त पदमा दुई पल्ट प्रयोग गरिएको छ। यो बुझ्ने भन्ने शब्द पद ४मा बुझ्नेको सट्टा व्यवस्था प्रयोग गरिएको छ ( व्यवस्था त्याग्नेहरूले दुष्टहरूको प्रशंसा गर्छन्, तर व्यवस्था पालन गर्नेहरूले तिनीहरूको विरोध गर्छन्)। ती दुई पदहरू एक आपसमा मिल्दछन्। परमेश्वरको व्यवस्था पालन गर्ने र परमेश्वरको खोजी गर्ने एउटा सिक्काको दुई पाटा हुन्। तर जे ठीक छ त्यही गर्ने वा थाहा पाउने क्रियाकलापले मात्र पुग्दैन। त्यस समझशक्ति वा बुझ्ने शक्तिमा सबै थोक गाँसिएको हुन्छ किनभने सबै थोक परमेश्वरबाट नै आएको हुन्छ। बाइबलको समयमा सबै थोक भन्नाले इस्राएलीहरूको बीचमा अध्यात्मिक अनुभवसँग जोडिएको हुन्थ्यो। विश्वास वा आस्था परमेश्वरको ज्ञान र समझशक्तिसँग घनिष्टरूपमा गाँसिएको हुन्थ्यो। अन्धा विश्वासको ठाउँ इस्राएलीहरूमा थिएन। बिना सोच वा आत्मज्ञान विश्वास वा आस्था राख्नु तर्कसम्मत थिएन। किनभने दुवै धार्मिक विश्वास तथा आस्था र ज्ञानबुद्धि वा समझशक्तिको जग परमेश्वर हुनुहुन्थ्यो।

**परमेश्वरमाथि विश्वास वा आस्था राख्नु हाम्रो निम्ति किन मनासिव देखिन्छ? परमेश्वरलाई विश्वास गर्नुभन्दा उहाँको अस्तित्वलाई अस्वीकार गर्नु किन सही देखिन्दैन?**

## ३. सम्भ्रान्त, सामन्त वा धनाढ्यहरूलाई सरसल्लाह (१ यूहन्ना २:१५-१७)

**धन कमाउनुको बारेमा हामीलाई चेतावनी दिइएको छ। हामीले के खतराबाट सुरक्षित हुनुपर्छ? हेर्नुहोस्ः १ यूहन्ना २:१५-१७ "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका**

हुन्। १७ संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैँको निम्ति रहन्छ।"

(याकूबले पनि सामन्ती तथा अरूलाई शोषण गरेर धनी हुनेलाई यसरी तितोसत्य बताउँछः १ धनी मानिस हो! सुन, तिमीहरूमाथि आइपर्ने कष्टहरूका निम्ति रोओ र विलाप गर। २ तिमीहरूको धन सड़ेको छ, र तिमीहरूका पोशाकहरू कीराले खाएका छन्। ३ तिमीहरूका सुनचाँदीमा कस लागेको छ, र त्यही कस तिमीहरूका विरुद्धमा साक्षी हुनेछ, र आगोले जस्तै तिमीहरूको शरीर खानेछ। तिमीहरूले आखिरी दिनहरूका निम्ति धन साँचेका छौ। ४ जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्, तिमीहरूले धोकाबाजी गरेर नदिएको तिनीहरूको ज्याला नै कराउँछ, र ती बाली काट्नेहरूको पुकारा सेनाहरूका परमप्रभुका कानसम्मै पुगेको छ। ५ तिमीहरू यस पृथ्वीका सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ। बलिका दिनको निम्ति तिमीहरूले आफैलाई पुष्टाई राखेका छौ। ६ तिमीहरूको विरोध नगर्ने धर्मात्मालाई दोषी ठहराएर तिमीहरूले मारेका छौ।" याकू ५:१-६ यस बुँदाको शिर्षक तथा त्यसको टिप्पणीलाई सुहाउँदो अनुवादकको थप)।

धनी हुनु भनेको के हो भनेर धेरैको आआफ्नै तर्क छ। हितोपदेशको पुस्तकले विभिन्न ठाँउहरूमा कसरी न्यायोचित रूपमा धनी हुनुपर्छ भनेर अर्ती दिएको छ। अनि धनी भएपछि आफूसँग रहेको धनलाई कसरी सम्हाल्ने भनेर पनि त्यस पुस्तकले बताउँछ।

गरिबहरूलाई शोषण गरेर वा अन्याय गरेर धनी नहोऊ भनेर हितोपदेश २८:८ले बताउँछ। गरिबको मोलमा वा गरिबलाई उचित ज्याला नदिइकन आफूमात्र धनी हुन धन थुपार्न खोज्नु गलत हो। गरिब तथा श्रमवर्गहरूको शोषण नगर्न बाइबलले कडा चेतावनी दिन्छ। हेर्नुहोसः "८ अति नै ब्याज लगाएर जसले आफ्नो सम्पत्ति बढ़ाउँछ, त्यसले कुम्ल्याएको धन अर्कैको हुनेछ, जसले गरीबमाथि दया राख्नेछ।"

गरिबहरूलाई बाँड। यदि गरिबप्रति हामी दया देखायौं र उदार देखायौं भने हामीप्रति पनि दया देखाइनेछ र आशिष पाउनेछौं। हितोपदेश

२८:२७ “२७ जसले गरीबलाई दिन्छ, उसलाई कुनै अभाव हुनेछैन, तर जसले तिनीहरूप्रति आँखा चिम्लन्छ, त्यसले धेरै श्राप पाउनेछ।"

कठोर परिश्रम गर। हितोपदेश २८:१९ “आफ्नो जमिन खनजोत गर्नेको प्रशस्त भोजन हुनेछ, तर कल्पना’का पछि दौड्नेहरू दरिद्रताले भरिन्छन्।" धन भनेको चोरेर वा लुटेर, भ्रष्टाचार गरेर, भाग्यले चिठ्ठा परेको भनेर थुपार्नुहुँदै। बाइबलले धनप्रति वितृष्णा देखाएको छैन तर कसरी धन कमाउँछ त्यसप्रति संवेदनशील भएको पाउँछौं। धन भनेको कडा परिश्रमको फल हुनुपर्छ। इमान्दारीपूर्वक मेहनत गरेर हामी धनी हुन्छौं भने त्यो मनासिव र उचित हो। (बाइबलमा धेरै पात्रहरू छन् जो अत्यन्त धनी थिए जस्तै अब्राहम, याकूब, अय्युब, राजा सोलोमन आदि) ।

झट्टै धनी हुन नखोज्नु। हितोपदेश २८:२०,२२ “ विश्वसनीय मानिसले बेसरी आशिष् पाउनेछ, तर धनी हुनलाई व्यग्र बन्नेहरू वा हतार गर्नेहरू दण्डविना रहनेछैन।... २२ कन्जुस मानिस धनी हुने लालसा गर्छ, र दरिद्रताले त्यसलाई प्रतीक्षा गरिराखेको छ भन्ने त्यसलाई थाहै हुँदैन।" हामीहरूको हितोपदेशले दुई दृष्यको चित्रण गर्दछ। यदि हामी बेइमान तथा धुर्त कामप्रति हामी आँखा चिम्लियौं भने हामी बेइमानी वा धुर्त हुन्छौं। आमाबाबु जिउँदै छन्दै उनीहरूको धनमा हामी रमाउन प्रयास गऱ्यौं भने हामी तिनीहरूलाई लुटेको ठहर्छ किनभने तिनीहरू आफूले मेहनत गरेर कमाएको धनमा रहन जिइएको हुन्छ (हितोपदेश २८:२४ "आफ्नो बुबा वा आमालाई लुटेर “यो गल्ती होइन” भन्ने छोरा बरबाद पार्नेको साझेदार हो।" अझ झन नराम्रो त कतिपय मानिसहरू बिवेकलाई दवाएर आफूले गरेका गलत कामहरूलाई ठीकै गरेको छु भनेर ढुक्क हुन्छ। तिनीहरूले भन्छन् “बाबु आमाको सम्पती लिनु कुनै गलत होइन।" कसैको सम्पत्ति लुट्न बाइबलले इजाजत दिएको छैन।

यस संसारमा पैसा वा धनसम्पत्ति अत्यन्त शक्तिशाली तत्व हो। त्यसैकारणले बाइबलले त्यसको बारेमा धेरै चर्चा गरेको पाउँछौं। यदि तपाईंलाई धन पैसाको आवश्यकता छ भने धनको धरापमा परेर

झुठो वा सापती आश्वासनमा नपर्न येशूले दिनुभएको चेतावनीलाई तपाईंले कसरी आत्मसात् गर्ने (मत्ती ४:१९)।

## ४ गरिबहरूको निम्ति हातेपुस्तक वा निर्देशिका (हितोपदेश २९:१३)

**हितोपदेश २९:१३ले के साझा कुरामा चर्चा गरिएको छ? हेर्नुहोस्: "गरीब मानिस र अत्याचारीमा यो कुरो समान छः परमप्रभुले तिनीहरू दुवैका आँखालाई दृष्टि दिनुहुन्छ।"**

मानव समाजमा असमानता भएतापनि परमेश्वरको सामु गरिब र धनी बराबरी छ भनेर माथिको पदले बताउँछ। दृष्टि वा ज्योति भनेर यस हितोपदेशमा उल्लेख गर्दा हामीलाई सृष्टिको समयलाई याद दिलाउँछ। दुवै धनी र गरिबलाई परमेश्वरले सृष्टि गर्नुभएको थियो। हितोपदेश २२:२ले यसरी स्पष्टगरि बताउँछः "धनी र गरीब यस कुरामा समान छन्, कि सबैलाई बनाउने परमप्रभु नै हुनुहुन्छ।" ती दुवै तहका मानिसहरूले जीवनको बरदानको उपभोग गर्दछन्। दुवैको निम्ति घाम झुल्कन्छ। तर गरिब तथा निम्नवर्ग वा श्रम जीविहरूलाई कसरी व्यवहार गरिन्छ त्यस मामिलामा धनी वर्गहरूलाई चेतावनी दिएको छ। आफूलाई दुर्व्यवहार वा अन्याय गर्ने धनी वा सामन्ती वर्गलाई पनि माया गर्नुपर्छ भनेर गरिबहरूलाई आह्वान गर्दछन् (मत्ती ५:४४,४५)।

**हितोपदेश २८:३मा के सन्देश दिइएको छ? "गरीबमाथि थिचोमिचो गर्ने शासक अन्न एउटै नराखी नाश पार्ने मुसलधारे वर्षाजस्तै हो।"**

गरिब र धनी दुवैको काम कर्तव्य एउटै हो। गरिब भयो भन्दैमा पाप गर्ने बहाना छैन। तपाईंले दुःखकष्ट पाउनुभयो वा कसैको अन्यायमा तपाईं पर्नुभयो भन्दैमा अरूलाई अन्याय गर्न तपाईंको अधिकार छैन। अर्थात् अन्यायलाई माथ गर्न अन्याय गर्नुपर्छ भनेर बाइबलले सिकाउँदैन। आफूलाई क्षमा पाएतापनि आफूलेचाहीँ क्षमा नदिने एक जना नोकरले आफूभन्दा गरिब र कमजोर नोकरलाई अन्याय गर्ने संस्कारलाई सामान्य मानेको येशूको अर्तीकथाले बताउँछ। गरिबले आफूभन्दा गरिबलाई दया वा सहानुभूति देखाउँछ भनेर

कतिपयले सोच्छन् तर यो सधैँ सत्य हुनुपर्छ भन्ने छैन (मत्ती १८:२१-३५)। हितोपदेश २८:३मा वर्षाको बारेमा उल्लेख गरिएको छ। यो प्रायजसो आशिषको रूपमा लिइन्छ तर बाढि आएर यसले बिनाश पनि ल्याउँछ। गरिबले गरिबलाई दुर्व्यवहार गर्नु कस्तो नराम्रो र बिनासकारी रहेछ भनेर माथिको पदले खुलासा गरेको छ। गरिब वा श्रमजीविहरूले आफूभन्दा झन गरिब र श्रमजीविहरूलाई दुर्व्यवाहर गर्नु त नपर्ने हो तर जब गर्छन् त्यो निराशापूर्ण छ (कतिपय समयमा वा कतिपय वादहरूले श्रमजीवि वा गरिबको आवाज आफूहरूले उठाएको भनेर तिनीहरूलाई कोशे ढुङ्गा बनाइ आफू धनी हुने र धनी भएपछि तिनीहरूलाई विर्सिने संस्कार कुनचाहिँ देशमा छैन र?-अनुवादकको जिज्ञासा)।

**हितोपदेश २८:६को सन्देलाई तपाईँ के भन्नहुन्छ?** हेर्नुहोस्: **"गरीब भए तापनि कलङ्करहित भई हिँड्नु कुटिल मतिको बाटोमा लागेको धनीभन्दा असल हो।"**

गरिब भएर धर्मी हुनु धनी भएर दुष्ट हुनुभन्दा उत्तम छ भनेर माथीको पदले देखाउँछ। धर्मी वा भक्तिमार्गमा हिँड्नेहरू गरिब हुँदैन भनेर कतिपयले सोच्दछन्। अल्सीले पाउने उचित ज्याला नै गरिब हुनु हो भनेर हितोपदेश २४:३४मा दिएको कारणले पनि त्यो सोचाइ हुनसक्छ। तर वास्तविक जीवन हामीले बुझेको भन्दा जटिल छ। अल्सी भएर मात्र  गरिब हुन्छ भन्ने छैन। उसमाथि अन्याय गरेकोले पनि ऊ गरिब हुनसक्छ। आफ्नो काबु भन्दा बाहिरको परिस्थितिले गर्दा पनि ऊ गरिब हुनसक्छ। मानिसहरूले जतिसुकै समाजवाद वा सबै मानिस समान छन् वा हुनुपर्छ भनेर फलाकेतापनि विभिन्न परिस्थितिवस गरिबीको रेखामुनी कतिपय मानिसहरू रहिरहनु तितो सत्य नै हो। यद्यपि गरिब भएर धर्मात्मा हुनु वा कलङ्करिहत वा भ्रष्ट नहुनु दुष्ट क्रियाकलापबाट धनी हुनु उत्तम हुन्छ भनेर हितोपदेशको पुस्तकले स्पष्ट गरेकोछ। पवित्र, धर्मी वा असल जीवन जिउनु धनसम्पत्ति कमाएर धनीवर्गको पङ्क्तिमा चढ्नुभन्दा जरूरी छ। कोही सफल भयो भन्दैमा ऊ धर्मी वा ठीक काम गरेर सफल भएको हो भन्नु कर छैन।

**धनी हुन हामीलाई कतिपय समयमा प्रलोभनमा पर्दछौं। त्यस समय ठीक निर्णय लिन हामी के गर्नुपर्छ? अरूको मोलमा धनी हुने नीतिबाट  हामी कसरी बच्ने?**

## ५. सत्यको कवच पहिरिने वा सत्यलाई माया गर्ने बानी (हितोपदेश २९:१५)

२ थेस्सोलिनिकीको पत्रमा कोरेका अत्यन्त उल्लेखनीय पाठहरू हामीहरूका छोराछोरी तथा विद्यार्थीहरूलाई सिकाउनु पर्छ। परमेश्वरबिना यस संसारमा भौंतारिएका मानिसहरूका मानिसहरूको हृदय खोतल्दै पावलले लेख्दछन् "जानाजानी सत्य आत्मज्ञानलाई अङ्गाल्न विवेकलाई दवाइ राखेको कारण वा त्यसप्रति मोहित हुन अस्वीकार गरेका कारण तिनीहरू मरिरहेका छन् (अर्थात् तिनीहरू जिउँदो मुर्दा भएर बसेका छन्)-२ थेस्सोलिनिकी २:१० रूपान्तरित। सत्यको बारेमा खुलासा गर्दै येशूले भन्नुभएको थियो "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन (यूहन्ना १४:६) त्यसको अर्थ सत्य येशू हुनुहुन्छ। त्यसकारण अरूलाई सत्यप्रति मोह जगाउनुको अर्थ येशूप्रति माया जगाउनु हो। मानिसको जीवनमा त्यो भन्दा महत्त्वपूर्ण काम अरू के होला?

"जब जब हामी सत्यको खोजि गरिरहेका हुन्छौं वा त्यसको अध्ययनमा लागि रहन्छौं तब तब हामीहरूलाई परमेश्वरसँग सम्पर्कमा ल्याइरहेको हुन्छ। सत्यमा र सत्यद्वारा उहाँ काम गरिरहेको हुन्छ। त्यसबेला मानिसको दिमागलाई परमेश्वरको दिमागसँग जोड्न पुगेको हुन्छ। सिमित मानिस असिमित परमेश्वरसँग जोडिन पुगिन्छ। त्यो जोडिएको सम्बन्धको परिणामले ल्याउने मानिसको शरीर, दिमाग र आत्मा तथा जोशलाई नाप्न सकिन्दैन।" एलेन जी ह्वाइट, एडुकेशन, पृ. १४बाट रूपान्तरित।

**हितोपदेश २९:१५ र १९मा हाम्रो निम्ति अत्यन्त महत्त्वपूर्ण नीति शिक्षाक्षेत्रमा मात्र होइन दैनिक जीवनको लहरमा पनि लागु हुन्छ। त्यो के हो हेर्नुहोस्ः "सुधारको छड़ी वा अनुशासनले बुद्धि प्रदान गर्छ, तर**

**छाडा छोड़ेको छोराले आफ्नी आमाको बेइज्जत गर्छ।... १९ कुराले मात्रै नोकरलाई सुधार्न सकिँदैन, त्यसले बुझे तापनि जवाफ दिँदैन।"**

माथि दिएको उदाहरण महत्त्वपूर्ण छ, विशेष गरेर मुखले सम्झाएरमात्र नसम्झिने मानिसको निम्ति। कतिपय समयमा हामीहरू उदाहरणमात्र बनेर पुग्दैन। विशेष गरेर हामीहरूका छोराछोरीहरूको मामिलामा त्यो अत्यन्त सत्य कुरो हो। कहिलेकाहिँ हामीहरूका छोराछोरीहरूलाई उचित नियन्त्रणमा राख्न सजायँ पनि दिनुपर्छ।

हामीहरूका स्वभाव पतित र पापी छन्। हामीहरूका प्रिय बालबालिकाहरू पनि त्यस स्वभावको दायराबाट बाहिरिएको छैन। तिनीहरूलाई जे मनलाग्यो त्यही गर्न दिंदा न तिनीहरूको भलो हुन्छ न त हामीहरूकै। तिनीहरूको सिमाना के हो त्यो तिनीहरूलाई थाहा पाउन जरुरी छ। त्यस सिमानाको घेराभित्र रहन तिनीहरू सिक्नुपर्छ। बालबालिका वा बच्चाहरूलाई सम्मान गर्नुपर्छ त्यसकारण कहिल्यै पनि "हुन्न" नभनी तिनीहरूलाई स्वतन्त्र छोडेर जे पायो त्यही गर्न दिने बानी वा जे माग्यो त्यही दिने बानी भएको आमाले आफूलाई र उनका छोराछोरीलाई अन्तमा लज्जा तथा बेइज्जतको आगोमा भुतिदिन्छ। कहिलेकाहिँ छोराछोरीहरूले ल्याउने लाज तुरन्त नहोला तर तिनीहरू हुर्केपछि वा ठूलो भएपछि देखिन्छ।

**बालककालमा तपाईंले सिकेका केही पाठहरू कस्ता छन् जुन् तपाईं ठूलो भएपछि सम्झिनुहुन्छ? त्यस ज्ञानले तपाईंको वर्तमान जीवनलाई कसरी असर परिरहेको छ ।**

## उपसंहारः

**थप जानकारीः** "मानव जीवनमा परमेश्वरको व्यवस्थाहरू वा दश आज्ञा यसरी गाडिएको छ कि तिनीहरूलाई पालन गर्दा मानिसलाई सुख र शान्ति छाँउछ । ल्याउँदछन्।...धर्मले मानिसलाई परमेश्वरसँग व्यक्तिगत सम्बन्ध जोडिदिन्छ तर त्यो नै अन्त होइन। स्वर्गका नीतिहरू केवल कुरा गर्नेमात्र नभएर वा अरूलाई अर्ती दिनेमात्र नभएर आफ्नै जीवनमा पालन गरेर देखाइदिनुपर्छ जसले गर्दा यस संसारलाई

सहयोग गरून् र आशिष बनुन्।"-एलेन जी ह्वाइट, *सन्स एण्ड दटरस् अफ गड,* पृ. २६७बाट रूपान्तरित।

"परमेश्वरको निम्ति बालबालिकाहरूलाई सहि तालिम दिन नसक्दा यस संसारमा दुष्टताले निरन्तरता पाएको छ र तिनीहरूलाई परम शत्रु सैतानको पासोमा हामीले फैंकिरहेका छौं। यदि उचितरूपमा तिनीहरूलाई हुर्काएका छन् भने तिनीहरू ख्रीष्टको सेवा गर्नेहरू हुने थिए। पुलपुले माया र विभिन्न गलत धारणाहरूले गर्दा बालबालिकाहरूको स्वभावमा नराम्रो आदतले जरा गाडिन पुगेको छ जसले गर्दा तिनीहरू माया नगर्ने र बेखुसी वा अभागी भनेर दिक्क मान्ने भएका छन्। त्यसको फलस्वरुप आफूमात्र होइन तिनीहरूले आमाबाबुको जीवनलाई पनि कहालिलाग्दो, उदासिन र कष्टप्रद बनाइदिएका हुन्छन् र त्यस नराम्रो प्रभाव पुस्तौं पुस्तासम्म पनि सरिरहेको हुन्छ। कुनै बालक वा बालिकालाई बिना रोकतोक जे पायो त्यही गर्न दिने वा जे माग्यो त्यही दिने आदतलाई बसाल्न दिंदा उसले परमेश्वरको अपमान गर्न सिक्दछ र बाबुआमालाई अपमानमात्र होइन लज्जित पनि पार्दछ। जुन बाबुआमाले आफ्नो कर्तव्यलाई वेवास्ता गरेर छोराछोरीहरूलाई जथाभावी हुर्काउँछ र पुलपुल्याउँछन् तिनीहरूले आफ्ना छोराछोरीहरूको निम्ति परमेश्वरको शहरको ढोका बन्द गरिदिएको हुन्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ३२५,३२६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **रूसको** विश्व विख्यात नोबेल पुरस्कार बिजेता साहित्यकार लियो ट्वालेस्ट्वाइ गइसाई परिवारमा जन्मेका र हुर्केका थिए। तर पछि गएर धेरै वर्षसम्म परमेश्वरप्रति विश्वासलाई त्यागेका थिए। जब उनको उमेर धकेलिँदै गयो तब उनको जीवनमा उनले ठूलो समस्याको सामना गर्नुपरेको थियो। मृत्युको *मुखमा पर्नुपरेको जीवनको अर्थ के हो* भन्ने प्रश्नले उनको दिमागमा क्षेप्यास्त्र हान्न थाल्यो। विभिन्न ज्ञान र विद्याहरूमा त्यसको जवाफ उनले खोज्न थाले। तर उनले

कुनै पनि चित्तबुझ्दो जवाफ पाएन। तब उनले यो थाहा पाएकी उनको जीवनको सार्थकता र त्यसको प्रस्नको जवाफ केवल आफूले सिकेका विश्वास तथा आस्थामामात्र पाइने रहेछ भनेर निष्कर्श निकाले। जीवनको सार्थकतालाई मानव तर्कले भेट्टाउन सक्दैन भनेर उनले बुझे। आफ्नो जीवनको मूल्यमान्यता थाहा पाउन मानव तर्कभन्दा बाहिर गएर आफूले बालककालमा सिकेका आस्थामा खोतल्न उनलाई विवेकले घचघच्यो। त्यसको फलस्वरुप उनी विश्वको इतिहासमा एक उज्ज्वल व्यक्ति भएर चम्किन गएको छ। त्यसकारण यदि हामीले हामीहरूको जीवनको उद्देष्य थाहा पाउनु छ भने र त्यसको अर्थ थाहा पाउनुछ भने येशूमाथिको आस्थामात्रै किन अत्यन्त तर्कसम्मत देखिन्छ?

आ. सत्यप्रति मोह हुनुभनेको तपाईंको अर्थमा के हो? हामीले सत्यलाई कसरी माया गर्ने? तर याद गर्नुहोस्, सत्यलाई माया गर्नुभन्दा पहिले हामीलाई सत्यको बारेमा जानकारी हुनुपर्छ। सत्यलाई माया गर्नबाट बाधा नपुऱ्याउन सबै कुराहरूबाट सतर्क रहन हामीले कसरी निश्चित भएर बस्न सक्छौं?